# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३) काठमाडौं, असोज १ गते २०५० साल (अतिरिक्ताङ्क ३४

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना १

श्री ५ महाराजाधिराज सरकार तथा श्री ५ बडामहारानी सरकारबाट २०५० साल असोज ४ गतेदेखि गरिबक्सने जनवादी गणतन्त्र चीनको राजकीय भ्रमणको अवसरमा सवारीसाथ माननीय शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्री श्री गोविन्दराज जोशी जानुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय कानून, न्याय तथा संसदीय व्यवस्था र सामान्य प्रशासन मन्त्री श्री महेश्वरप्रसाद सिंहले सम्हाल्नु हुनेछ ।

### सूचना २

पशुपति क्षेत्र विकास कोषका अध्यक्ष श्री ५ बडामहारानीबाट श्री ५ को सरकारको सिफारिशमा पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ को दफा ८ बमोजिम पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्मा देहायका व्यक्तिहरूलाई देहायबमोजिम मनोनीत गरिबक्सेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

826

१. श्री दीर्घराज कोइराला– सदस्य
२. श्री शिवगोपाल रिसाल– "
३. श्री वनवारिलाल मितल– "
४. श्री कृष्णप्रसाद घिमिरे– कोषाध्यक्ष
५. श्री चेतोनाथ गौतम– सदस्य–सचिव

## सूचना ३

माननीय अर्थ राज्यमन्त्री श्री महेश आचार्य संयुक्त राष्ट्रसंघ महासभाको ४८ औं महाधिवेशन र विश्व बैंक तथा अन्तर्राष्ट्रिय मुद्रा कोषको वार्षिक बैठकमा भ लिन यही २०५० साल असोज ४ गते संयुक्त राज्य अमेरिकातर्फ जानुहुने भएकोल उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको अर्थ मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय स्वास्थ्य राज्यमन्त्री डा. रामवरण यादवले सम्हाल्नु हुनेछ ।

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
825